निर्वाचन आयोग
नेपाल
२०२३

प.सं. च.नं./Ref:

# प्रेस विज्ञप्ति

मिति : २०७६/८/११

काठमाडौं, मङ्सिर ११ ।

संवत् २०७६ साल मङ्सिर १४ गते शनिबार सम्पन्न हुन गइरहेको प्रतिनिधि सभा, प्रदेश सभा र स्थानीय तहका सदस्यको विभिन्न पदको उपनिर्वाचनका लागि आयोगबाट आवश्यक सबै तयारी पूरा भएको छ । उपनिर्वाचन सम्पन्न गर्नका निम्ति आवश्यक निर्वाचन सामग्रीहरू सम्बन्धित जिल्ला र मतदान केन्द्रसम्म पुगिसकेको, मतदान अधिकृत, सहायक मतदान अधिकृतलगायत कर्मचारीको खटनपटन भइसकेको, गृह मन्त्रालयको संयोजकत्वमा सबै सुरक्षा निकायको सहभागितामा उपनिर्वाचन लक्षित एकीकृत सुरक्षा योजना तर्जुमा भई प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको छ । उपनिर्वाचन हुने ३७ जिल्लाका २४७ मतदान स्थल तथा ५३७ मतदान केन्द्रमा खटिएका मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारीलगायत सुरक्षाकर्मीहरू आवश्यक मतदानका सामग्रीहरूसहित आज मिति २०७६ साल मङ्सिर ११ गते साँझसम्म मतदान केन्द्रमा पुगी सक्नेछन् ।

निर्वाचन आयोग र सबै सुरक्षा निकायहरूको प्रतिनिधिहरू रहेको संयुक्त निर्वाचन सञ्चालन केन्द्र (JEOC) सञ्चालनमा रहेको र केन्द्रले उपनिर्वाचन सन्दर्भमा सबै मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत, जिल्ला सुरक्षा समिति र जिल्ला निर्वाचन कार्यालयहरूसँग आवश्यक समन्वय, सम्पर्क गरी उपनिर्वाचन सञ्चालन र व्यवस्थापनका लागि आवश्यक सहजीकरण गरिरहेको छ । मतदाता शिक्षा कार्यकर्ताहरूबाट मतदातालाई प्रशिक्षत गर्ने कार्य भइरहेको, उपनिर्वाचनको सन्दर्भमा विद्युत, सञ्चारलगायतका अत्यावश्यक सेवाहरूको सुनिश्चिताको लागि आवश्यक पहल गरिएकोछ । निर्वाचन आयोगमा मिडिया अनुगमन इकाइ स्थापना भई अनुगमनका कार्य भइरहेका छन् । यस निर्वाचनमा उपनिर्वाचन पर्यवेक्षणका लागि राष्ट्रिय पर्यवेक्षण संस्थाहरूलाई अनुमति प्रदान गरिनुका साथै नेपालस्थित कूटनीतिक नियोगका प्रमुख तथा प्रतिनिधिहरूलाई मतदानको दिन Polling Day Visit को रूपमा पर्यवेक्षणका लागि नेपाल सरकार परराष्ट्र मन्त्रालय मार्फत अमेरिका, जापान र अष्ट्रेलिया दुतावास तथा युरोपियन युनियनलाई अनुमति प्रदान गरी सकिएको छ ।

यो उपनिर्वाचनमा प्रतिनिधि सभा सदस्यतर्फ कास्की निर्वाचन क्षेत्र नं. २ को प्रतिनिधि सभा सदस्य-१, प्रदेश सभा सदस्यतर्फ भक्तपुर क्षेत्र नं. १ को १, बागलुङ क्षेत्र नं. २ को २, दाङ जिल्लाको क्षेत्र नं. ३ को २ गरी प्रदेश सभा सदस्यतर्फ-३ जना र स्थानीय तहतर्फ धरान उपमहानगरपालिकाको प्रमुख-१ जना, संखुवासभा जिल्ला मकालु गाउपालिकाको अध्यक्ष-१, पाँचथर जिल्लाको फाल्गुनन्द गाउँपालिकाको अध्यक्ष-१, महोत्तरी जिल्लाको पिपरा गाउँपालिकाको अध्यक्ष-१ गरी गाउँपालिका अध्यक्ष-३ जना, हुम्ला जिल्लाको खार्पुनाथ गाउँपालिकाको उपाध्यक्ष-१ जना र विभिन्न गाउँपालिका तथा नगरपालिकाको वडाअध्यक्ष-४३ समेत गरी जम्मा ५२ रिक्त पदमा उपनिर्वाचन हुँदैछ । उपनिर्वाचनका लागि ३७ जिल्लाका ५२ रिक्त पदको मतदानका लागि २४७ मतदान स्थल र ५३७ मतदान केन्द्र तोकिएका छन् । जसमध्ये प्रतिनिधि सभातर्फ ३२ मतदान स्थल र ८२ मतदान केन्द्र, प्रदेश सभा सदस्यतर्फ ७८ मतदान स्थल र १७४ मतदान केन्द्र



"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्रको गौरव
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं./Ref:

तथा स्थानीय तहतर्फ १३७ मतदान स्थल र २८१ मतदान केन्द्र तोकिएको छ । आठसय वा सोभन्दा बढी मतदाता भएका केन्द्र ३३७ छन् भने आठसय भन्दा कम मतदाता रहेका केन्द्र दुईसय छन् ।

यस उपनिर्वाचनमा ३७ जिल्लाका महिला २,३३,४०२, पुरुष २,२०,७१० र अन्य २ जना गरी जम्मा ४,५४,११४ जना मतदाताले मताधिकारको प्रयोग गर्न सक्नेछन् । प्रतिनिधि सभा सदस्यको निर्वाचन हुने कास्की जिल्ला निर्वाचन क्षेत्र नं. २ मा ७१,८७१ जना, प्रदेश सभा सदस्यको निर्वाचन हुने भक्तपुर, बागलुङ र दाङका सम्बन्धित निर्वाचन क्षेत्रमा क्रमशः ४५,०१५ जना, ३५,१८४ जना र ६८,७१९ जना गरी २,२०,७८९ मतदाता कायम भएका छन् । यसैगरी स्थानीय तहतर्फ २,३३,३२५ जना मतदाताहरू रहेका छन् । प्रतिनिधि सभा र प्रदेश सभा सदस्य निर्वाचन, २०७४ पश्चात् उपनिर्वाचन हुने क्षेत्रमा १६,२१९ जना नयाँ मतदाता थप भएका छन् ।

यस उपनिर्वाचनमा प्रतिनिधि सभा सदस्यतर्फ ११ वटा, प्रदेश सभा सदस्यतर्फ १५ वटा र स्थानीय तहका सदस्यको लागि २० वटा राजनीतिक दल सहभागी भएका छन् । उपनिर्वाचनमा प्रतिस्पर्धा गर्ने जम्मा ३३३ उम्मेदवारमध्ये राजनीतिक दलतर्फ २५३ र स्वतन्त्र उम्मेदवार ८४ जना रहेकोमा २५३ पुरुष र ८४ महिला उम्मेदवार छन् । प्रतिनिधि सभातर्फ राजनीतिक दलका ११ र स्वतन्त्र १० गरी जम्मा २१, प्रदेश सभा सदस्यतर्फ राजनीतिक दलका २९ र स्वतन्त्र १४ गरी ४३ र स्थानीय तहका सदस्यतर्फ राजनीतिक दलका २१३ र स्वतन्त्र ६० गरी जम्मा २७३ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् ।

यस उपनिर्वाचनलाई सम्पन्न गर्नका निम्ति निर्वाचन आयोग र जिल्ला निर्वाचन कार्यालयका कर्मचारीबाहेक मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतको कार्यालयमा ३५४ जना कर्मचारी खटिएका छन् भने मतदान केन्द्रमा २,६८४ जना कर्मचारी, स्वयंसेवक २,०१६ गरी जम्मा ५,०५४ जना खटिएका छन् । उपनिर्वाचन हुने १५५ वडामा घरदैलो मतदाता शिक्षा कार्य सञ्चालन गर्न प्रत्येक वडामा २ जनाका दरले ३१० जना मतदाता शिक्षा कार्यकर्ता खटिएका छन् । यसरी सुरक्षाकर्मीबाहेक उपनिर्वाचन सम्पन्न गर्न विभिन्न जिम्मेवारीका साथ जम्मा ५,३६४ जना कर्मचारी परिचालन भएका छन् ।

उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित वातावरणमा सम्पन्न गर्न विद्यमान सुरक्षा अवस्थामा सूक्ष्म विश्लेषण गरी नेपाल सरकार, गृह मन्त्रालयद्वारा सबै सुरक्षा निकायको समन्वय र सहभागितामा उपनिर्वाचन लक्षित सुरक्षा योजना तर्जुमा भई प्रभावकारीरूपमा कार्यान्वयन भइरहेकोछ । यसका साथै गृह मन्त्रालयमा सुरक्षा कमाण्ड पोष्ट, प्रदेशस्तरमा प्रदेश प्रमुख सचिवको संयोजकत्वमा सुरक्षा समिति र जिल्लास्तरमा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला सुरक्षा समिति क्रियाशील छन् । समग्र उपनिर्वाचनसम्बन्धी गतिविधि र सुरक्षासम्बन्धी समन्वय र निर्देशनका लागि आयोगमा माननीय निर्वाचन आयुक्तज्यूको संयोजकत्वमा उच्चस्तरीय उपनिर्वाचन सुरक्षा समिति गठन गरिएको र आयोगमा नै सबै सुरक्षा निकायको प्रतिनिधित्व रहने गरी संयुक्त निर्वाचन सञ्चालन केन्द्र (जेइओसी) क्रियाशील छ । उपनिर्वाचनलाई लक्षित गरेर सुरक्षाको मजबुत र भरपर्दो सुरक्षा व्यवस्थाका लागि पर्याप्त मात्रामा सुरक्षाकर्मीको परिचालन गृह मन्त्रालयबट भएको छ । तसर्थ निर्वाचनसँग सम्बद्ध सबै सरोकारवाला व्यक्ति तथा निकायलाई निर्भीक भएर निर्वाचनसँग सम्बन्धित कार्यहरू गर्न र गराउन तथा सम्पूर्ण मतदाताहरूलाई मतदान गर्न निर्वाचन आयोग हार्दिक अनुरोध गर्दछ ।



"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं./Ref:

उपनिर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी र विश्वसनीयरूपमा सम्पन्न गर्न निर्वाचन आचार संहिता, २०७२ र निर्वाचन आचार संहिता, २०७३ लाई निर्वाचन आयोगले मिति २०७६/७/८ गतेदेखि निर्वाचन आचार संहिता लागू गरेको छ । आयोगले जारी गरेको आचार संहिता पूर्णरूपमा पालन गर्न गराउन मिति २०७६/७/१४ गते निर्वाचन आयोगमा नेपाल सरकारका उपप्रधानमन्त्री, राजनीतिक दलका प्रमुख एवम् प्रतिनिधिहरूको उपस्थितिमा भएको छलफल कार्यक्रममा आचार संहिताको पूर्णपालना गर्ने र आचार संहिता पालना गर्ने गराउने प्रतिबद्धतासमेत व्यक्त भएको छ । आचार संहिता कार्यान्वयनसम्बन्धमा आयोगमा उल्लेख्य गुनासाहरू प्राप्त नभए पनि औपचारिक तथा अनौपचारिकरूपमा प्राप्त भएका उजुरी तथा गुनासालाई आयोगबाट स्पष्ट पार्ने, सम्बोधन गर्ने र कारवाही गर्ने प्रक्रिया अगाडि बढाइसकिएको छ । जिल्लास्तरमा आचार संहिता कार्यान्वयन अनुगमनका लागि उपनिर्वाचन हुने ३७ वटै जिल्लामा मुख्य निर्वाचन अधिकृतको संयोजकत्वमा जिल्ला उपनिर्वाचन आचार संहिता अनुगमन समिति गठन गरी क्रियाशील बनाइएको छ । जिल्लास्तरमा प्राप्त भएका गुनासालाई उक्त समितिले आवश्यकता अनुसार निरुपण तथा आयोगमा जानकारी गराउने गरेको छ । यस उपनिर्वाचनमा आचार संहिता अनुगमनकर्ताको रूपमा जिल्ला निर्वाचन अधिकारीलाई तोकिएको छ र निर्वाचन अधिकारीबाट अनुगमनसमेत भइरहेको छ ।

मतदानको दिन सवारी आवागमन व्यवस्थापन सम्बन्धमा आयोगले उपनिर्वाचन हुने निर्वाचन क्षेत्रमा मतदान हुने दिन बिहान ५:०० बजेदेखि साँझ ७:०० बजेसम्म सवारी पास अनुमति पत्र प्राप्त गरेका बाहेक अन्य सवारी साधन सञ्चालनमा रोक लगाइएको छ । अत्यावश्यक सेवा एम्बुलेन्स, खानेपानीको ट्याङ्कर, दमकल, दूरसञ्चार सेवा, शव वाहन, अस्पताल सेवा तथा विद्युत सेवाको हकमा निर्वाधरूपमा सवारी सञ्चालन हुने व्यवस्था मिलाइएको छ । मानवीय उद्धार एवं सहायतामा प्रयोग गरिने सवारी साधन, उपनिर्वाचन हुने क्षेत्र भएर एउटा वडाबाट अर्को वडामा वा एउटा स्थानीय तहबाट अर्को स्थानीय तहमा वा एउटा जिल्लाबाट अर्को जिल्लामा आवत जावत गर्ने सरकारी, निजी तथा भाडाका सवारी साधन, विवाह, व्रतवन्ध जस्ता सामाजिक कार्यमा प्रयोग हुने सवारी साधनका हकमा सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीबाट अनुमती लिई सवारी सञ्चालन गर्न दिने गरी आवश्यक प्रवन्ध मिलाइएको छ । यस उपनिर्वाचनमा मतदान केन्द्रमा खटिएका कर्मचारीहरूलाई कर्तव्यनिष्ठ भएर आ-आफ्नो जिम्मेवारी निर्वाह गर्न आयोगले निर्देशन गरेको छ । साथै निर्वाचन सम्पन्न गर्नका निम्ति मतदान केन्द्रमा खटिएका कर्मचारीलाई आवश्यक सहयोग उपलब्ध गराई दिनु राजनीतिक दल, उम्मेदवार तथा अन्य सरोकारवाला व्यक्ति, संघ, संस्था र निकायहरूलाई हार्दिक अनुरोध गरिन्छ ।

मतदान शुरु हुनुभन्दा अगाडि मतदान केन्द्रको तीन सय मिटर वरपर राखिएका, रहेका आ-आफ्ना निर्वाचन प्रचार र प्रसारसँग सम्बन्धित सम्पूर्ण सामग्री हटाउनु पर्नेछ । यस अवधिमा उम्मेदवार वा राजनीतिक दलको प्रचार प्रसार हुने गरी कुनै समाचार वा सूचना प्रकाशन वा प्रसारण वा सम्प्रेषण गर्न पाइने छैन । मतदान कार्य सम्पन्न नभएसम्म कुनै पनि माध्यमबाट कुनै राजनीतिक दल वा उम्मेदवारको सम्बन्धमा गरिएको मत सर्वेक्षण सार्वजनिक गर्न पाइने छैन । निर्वाचन आचार संहिता पालना गर्नुपर्ने नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, राजनीतिक दल, उम्मेदवार, आमसञ्चार माध्यमलगायत विभिन्न निकाय तथा व्यक्तिहरूले आ-आफूले पालना गर्नुपर्ने आचार संहिताको पूर्ण पालना गर्न गराउन हुन आयोगले निर्देशन गरेको छ । यदि कोही कसैले आचार संहिता विपरीतका कार्यहरू गरेमा निर्वाचन कसुर तथा सजायँ ऐन, २०७३ अनुसार कारवाही गरिनेछ ।



"स्वतन्त्र र निष्पक्ष निर्वाचनः राष्ट्रको गौरव"
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं./Ref:

आज २०७६ साल मङ्सिर ११ गते बुधबार राती १२:०० बजेपछि मौन अवधि शुरु हुँदैछ । मौन अवधिमा कुनै पनि सञ्चार माध्यमबाट निर्वाचन प्रचार प्रसार कार्य गर्न गराउन पाइने छैन । मौन अवधिमा आफ्ना वेभसाइड, ट्वीटर, फेसबुक, भाइवर वा एसएमएसजस्ता सामाजिक संजाल वा विद्युतीय माध्यमको प्रयोग गरी मत माग्न र निर्वाचन प्रचार प्रसार गर्न निषेध गरिएको छ । त्यसैले मौन अवधिमा आचार संहिताको पूर्णपालना गरी निर्धक्करूपमा मतदाताले आफ्नो मताधिकारको प्रयोग गर्ने अवस्था निर्माणका लागि आयोग सम्पूर्ण निर्वाचन सरोकारवालासँग अपिल गर्दछ ।

मौन अवधिमा विभिन्न आश्वासन, प्रलोभन, डर, धाक, दवाव वा प्रभावमा पारी मतदाताहरूलाई आतंकित पार्ने, मतदान केन्द्रमा जानबाट रोक्ने, मतदाता परिचयपत्र कब्जा गर्ने, एउटाको नाममा अर्केले मतदान गर्ने, निर्वाचन क्षेत्र बाहिरका व्यक्तिहरू प्रवेश गरी शंकास्पद गतिविधि गर्ने, गलत तथ्यहिन र भ्रामक हल्ला फिजाउने, कोही कसैप्रति, घृणा र द्वेष फैलाउने लगायत निर्वाचनलाई नकारात्मक प्रभाव पार्ने जस्ता कार्यहरू हुन नदिन सबै मतदाता, उम्मेदवार, राजनीतिककर्मी, निर्वाचनमा संलग्न कर्मचारी, समाजसेवी, पत्रकार, विभिन्न पेशा तथा व्यवसायमा संलग्न व्यक्ति लगायत आमनागरिकलाई सचेत रहन एवम् पूर्व क्रियाशीलता अपनाउन आव्हान गर्दै कुनै अप्रिय अवस्था वा निर्वाचन आचार संहिता विपरितको कार्य हुने आशंका वा घटना भएमा तत्काल जिल्ला उपनिर्वाचन आचार संहिता अनुगमन समिति वा स्थानीय प्रशासन वा आयोगमा जानकारी दिनु हुन आयोग हार्दिक आग्रह गर्दछ ।

निर्वाचन जति स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र सर्वस्वीकार्य हुन्छ त्यति नै शासन व्यवस्था उत्तरदायी, पारदर्शी, जनमुखी र सदाचारयुक्त हुन्छ भन्ने कुरामा आयोग विश्वस्त छ । निर्वाचनमा राजनीतिक दल र उम्मेदवारहरूबाट आचार संहिता र वित्तीय सुशासनका मापदण्डको पालना भएन भने यसरी छानिएका प्रतिनिधिबाट शासकीय सुशासन सम्भव हुन सक्दैन भन्ने कुरालाई पनि आयोगले गम्भिरतापूर्वक लिएको छ । त्यसैले यो उपनिर्वाचनले राजनीतिक दलहरूलाई प्रचलित निर्वाचन कानून र आचार संहिताको पूर्ण पालना गर्न गराउन, उम्मेदवारहरूलाई इमान्दार, कर्तव्यनिष्ठ, नैतिकवान र पद्धतिको परिपालककोरूपमा उभ्याउन तथा आममतदाता एवम् अन्य सरोकारवालाहरूलाई आफ्नो सार्वभौमिक अधिकार प्रति सचेत र जिम्मेवारीप्रति जागरुक हुन फेरि एक पटक अवसर प्रदान गरोस् भन्ने हाम्रो चाहना र अपेक्षा छ । त्यसैले आयोग सबै मतदाताहरू समक्ष यस उपनिर्वाचनलाई उत्साह र उत्सवको उल्लासमय अवसरको रूपमा लिई आफ्नो मताधिकारको प्रयोग गर्न आव्हान गर्दछ ।

०७६।८।११

(राजकुमार श्रेष्ठ)
सहसचिव एवम् प्रवक्ता




कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np